हावाहुरीले चित्लाङमा तरकारी.....। पृष्ठ ५ मा



विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com


खबरपत्रिका साप्ताहिक





● मकवानपुर, वर्ष-१३, ● अंक-४६ ● २०७८ जेठ १७ गते सोमबार, ● 31 May. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-


## खोप उपलब्ध गराउन शिक्षक महासंघ थाहानगरको ध्यानाकर्षण




◆ विकास संवाददाता

महामारीको रूपमा रहेको कोभिड-१९ को दोस्रो भेरिन्टबाट समेत संक्रमण फैलिइरहेको अवस्थामा समेत खोप उपलब्ध हुन नसकेकोमा नेपाल शिक्षक महासंघ थाहानगर समितिले ध्यानाकर्षण गराएको छ ।

महासंघले १४ जेठमा एक विज्ञप्ती जारी गर्दै सम्पुर्ण शिक्षक, कर्मचारी र विद्यार्थीहरूलाई खोप उपलब्धताको निमित्त थाहा नगरपालिका शिक्षा शाखा र थाहा नगरपालिकाको कार्यालयलाई अनुरोध गरेको छ ।

शिक्षक महासंघ नगर समितिले भर्चुअल मिटिङ बसि शैक्षिक अन्यौलता माथि गहन छलफल र अन्तरकृया गर्दै आएको बताउँदै कोभिड महामारीको अवस्थामा शैक्षिक अन्यौलता हटाउनको निमित्त वैकल्पिक शिक्षणको लागि पूर्वाधार तयार गर्नको निम्ति थाहा नगर पालिकालाई ध्यानाकर्षण गराएको छ ।

महासंघ थाहानगर समिति अध्यक्ष राजाराम कार्की तथा सचिव गणेशमान श्रेष्ठद्वारा जारी विज्ञप्तीमा भनिएको छ-'कोभिड विरूध्दको खोप उपलब्ध नभएमा भौतिक रूपमा उपस्थिती भै शैक्षिक गतिविधि सञ्चालन गर्न नसकिने यसै प्रेस विज्ञप्ती मार्फत जानकारी गर्दछौं ।'

## थाहा नगरपालिका: विपद आए सम्पर्क गर्न वडा अध्यक्षहरूको आग्रह

विकास संवाददाता

थाहानगर

अहिले वर्षाको समय हो । यस समयमा आफ्नो वडाबासी जनताहरू समस्यामा नपरून भनेर वडा अध्यक्षहरूले चासो देखाएको पाईन्छ । वडाबासीको साथमा स्थानीय सरकार छ भन्ने आभास दिलाउनको लागि वडाअध्यक्षको सक्रियता देखाएको देखिन्छ । वडाअध्यक्षहरूले यस वर्षाको समयमा उच्च सतर्क रहन आ-आफ्ना वडाबासीहरूलाई आग्रह गरेका छन् ।




थाहा नगरका वडा नम्बर १, ६ र ७ का वडा अध्यक्षहरूले सामाजिक सञ्जालमार्फत् यस्तो आग्रह गरेका छन् भने अन्य वडा अध्यक्षहरूले जोखिम भए सम्पर्क गर्न अपिल गरेका छन् । थाहा १ का वडा अध्यक्ष हेरमान गोपालीले आफ्नो सामाजिक सञ्जाल फेसबुकमार्फत् बासस्थान जोखिममा छ भने जोखिम मोलेर नबस्न वडाबासीलाई आग्रह गरेका छन् ।

'त्यसरी जोखिममा रहेकाहरूलाई उचित बसोबासको व्यवस्था गर्छौं,' उहाँले भन्नुभयो । त्यसैगरी वडा नम्बर ६ का वडा अध्यक्ष शशिधर सुवेदी र वडा नम्बर ७ का वडा अध्यक्ष सनमसिं मुक्तानले पनि सामाजिक सञ्जाल फेसबुकमा 'स्टाटस' लेखेर वडाबासीलाई वर्षाका कारण कुनै पनि समस्या सिर्जना भएमा सम्पर्क गर्न आग्रह गरेका छन् ।

वर्षाबाट हरेक वर्षजसो बस्ती जोखिममा पर्दै आएको वडा नम्बर २ का वडा अध्यक्ष गुप्तबहादुर कार्की र ३ का वडा अध्यक्ष राजेश केसीले आफूहरू नियमित सम्पर्क र अनुगमनमा रहेको बताए । वर्षाबाट थाहा नगरपालिकामा अहिलेसम्म कुनै अप्रिय घटना घटेको सूचना प्राप्त नभएको थाहा नगर पालिकाका सूचना अधिकारी सुरजकुमार भुजेलले बताए ।

'चित्लाङ भेगमा अप्रत्याशीत हावाहुरी चलेर बालीनाली बिगारेको सूचना आएको छ,' उनले भने । चित्लाङमा हावाहुरीले टनेलको प्लास्टिक उडाउँदा बेच्ने बेला भएको तरकारी बालीमा नराम्रो असर परेको छ ।

## थाहानगरमा झन कडाई

◆ विकास संवाददाता

थाहानगरमा निषेधाज्ञ कडाई भएको छ । थाहानगरमा पछिल्लो समय हरेक दिन गरिएको एन्टिजेन परिक्षणमा ५० प्रतिशत भन्दा बढिमा संक्रमण देखिन थालेको छ । "हामी टोल टोलमा परिक्षणका लागि जादा पनि सजिलै सङ्ग मानिसहरू स्वाव दिनै मान्दैनन" प्राथमिक स्वास्थ्य केन्द्र पालुङका डा. रिकेश कार्कीले बताए "हामीले लक्षण भएकाहरूलाई तत्काल एन्टिजेन परिक्षण गरेर, सामान्य लक्षण भएकाहरूको पिसिआरका लागि स्वाव पठाउने गरेका छौं ।" ११ जेठसम्म मात्र ४ सय बढी संक्रमित भैसकेको थाहानगर मा कोरोनाको संक्रमण बढ्न नदिने उद्देश्यले चेन ब्रेक गर्न निषेधाज्ञा गर्नु परेको नगरपालिकाले जनाएको छ । यो अवधिभर कुनै अत्यावश्यक वस्तुको खाँचो परेमा सम्बन्धित वडाध्यक्ष वा थाहानगर उद्योग वाणिज्य संघमा सम्पर्क गर्न पनि आव्हान गरेको छ ।

नगरस्तरीय कोभिड रोकथाम तथा नियन्त्रण निर्देशन समितिले नगर बासीमा निषेधाज्ञाको पूर्ण पालनाका लागि समेत आव्हान गरेको छ । २४ सै घन्टा प्रहरी समेत परिचालन गरि अनुगमनलाई कडाइ गरिन लागेको छ ।

## थाहानगरलाई स्वास्थ्य सामग्री हस्तान्तरण

◆ विकास संवाददाता

मकवानपुरमा कोरोना संक्रमण दर निक्कै बढेपछि थाहानगर घर भई काठमाडौमा बस्ने युवाहरूको समुहले १२ जेठमा स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ ।

काठमाडौंमा बसेर विभिन्न सामाजिक कार्यमा कृयाशील श्री थाहा युथ इन्भेस्टमेन्ट ग्रूपले नगर प्रमुख लवशेर विष्टलाई सो सामग्री हस्तान्तरण गरेको हो ।

बाँकी पेज ५ मा




## व्यक्तिगत घटना दर्ता सम्बन्धी जरूरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

## नेपाल सरकारको सूचना !

## घरेलु हिंसा-अपराधको जघन्य प्रकार
## सबै मिली गरौं यसको प्रतिकार

नेपाल सरकार
**सूचना तथा सञ्चार प्रविधि मन्त्रालय**
सूचना तथा प्रशारण विभाग

जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# सम्पादकीय

## बजेट पूर्ण कार्यान्वयन होस्

संसद् विघटन भएका कारण सरकारले अध्यादेशबाटै भए पनि १६ खर्बभन्दा बढीको बजेट ल्याएको छ। बजेटको प्राथमिकताले कोरोना भाइसरको दोस्रो लहर मा थलिएका नागरिकको मुहारमा अलिकति भए पनि मुस्कान ल्याएको छ। यो बजेटसँगै नागरिकमा 'सरकार छ र त केही गर्छ' भन्ने आत्मविश्वास पनि पलाएको हुनुपर्छ। महामारीमा आएको बजेट परम्परागतभन्दा केही पृथक् बनाउने प्रयासमा सरकारले बालकदेखि वृद्धसम्मलाई समेटेको महसुस नागरिकले गरेका छन्। जनतालाई तत्काल राहत दिने मात्र नभई महामारीले सिर्जना गरेको आर्थिक, सामाजिक, रोजगारी, स्वास्थ्य र शिक्षासम्बन्धी समस्या समाधानका योजनालाई बजेटले प्राथमिकता दिएको देखिन्छ। केही बुँदा केलाएर आएका स्वाभाविक विरोधका स्वरबाहेक सबै क्षेत्रले बजेटमाथि गालीभन्दा बढी ताली बजाएको पाइएको छ। यसकारण आगामी आर्थिक वर्षको बजेट निर्माणमा सर कारले गरेको मिहेनतलाई सकरात्मक रूपमा लिन सकिन्छ।

अहिले सरकार, राजनीतिक दल तथा अन्य सबै पक्षको प्रमुख दायित्व र कर्तव्य कोरोना संक्रमणको रोकथाम र धेरैभन्दा धेरै जनताको रक्षा नै हो। संकट व्यवस्थापनका लागि आवश्यक पर्ने प्रमुख कुरा बजेट पनि हो। परीक्षण, उपचार र खोपको माग चारै तर्फबाट आइरहेको समयमा धेरैको ध्यान नयाँ बजेटतर्फ थियो। ती क्षेत्र बजेटमा राम्ररी नसमेटिएला कि ? भन्ने प्रश्न र चासोलाई नेपालकै बजेटको इतिहासमा ठुलो रकम स्वास्थ्य क्षेत्रका लागि आउँदा जनताले राहत महसुस गरेका छन्। महामारीले थलिएको अर्को क्षेत्र कृषि, शिक्षा र रोजगारलाई पनि समान रूपमा बजेटले तौलदा संकटपछिको कार्यान्वयनको समयलाई सरकारले सदुपयोग गर्न सके सरकारको सफलता जोडिने छ।बाल प्रज्ञाप्रतिष्ठान बन्ने हुँदा बालबच्चालाई जीवनको वास्तविक अनुभव सिकाउँदै नेपाली संस्कार र संस्कृतिको ज्ञान सानैमा रोप्न खोज्नु सरकारको दिर्घकालीन सकारात्मक सोच हो। यसै आर्थिक वर्षमा गठन हुने नयाँ यस प्रतिष्ठानले दक्ष र शिक्षित नागरिक उत्पादनमा बिउ छर्ने यस्ता क्षेत्रलाई बजेटमा समेट्नु औचित्यपूर्ण छ। प्रविधिमा फड्को मार्ने समय भएकाले विद्यार्थीलाई ल्यापटप किन्न ८० हजार रुपैयाँसम्मको सहुलियत ऋण दिएको छ।

सित्तैमा सिमकार्ड दिने विषयले विकल्प बनेको अनलाइन कक्षालाई बजेटले स्थापित गर्छ। यसले विद्यार्थीमा पढ्ने चाहनामा उत्साह थपेको हुनुपर्छ। शैक्षिक प्रमाणपत्र सिरानीमुनि राख्ने अवस्थाको अन्त्य गर्दै धितो राखेर सहुलियत कर्जा दिन सकिने विषयले धेरै शैक्षिक बेरोजगार युवाको भावना समेटेको देखिन्छ। यसले वैदेशिक रोजगारीभन्दा 'नेपालमै केही गर्छु' भन्ने आत्मविश्वासको विकास अवश्य हुनेछ। पत्रकारलाई निःशुल्क उपचार र बिमा, कृषिमा अनुदान, युवालाई प्रविधि व्यवसाय, विद्युत् र पानीमा छुट, महामारीमा थलिएका व्यवसायीलाई विषेश राहतजस्ता महत्वपूर्ण कार्यक्रमले संकटका बेला आएको बजेटको गरिमा बढाएको छ। वृद्धभत्ता एक हजार र कर्मचारीको तलब दुई हजार वृद्धिले वृद्धलाई जिउने आशा र कर्मचारीलाई काममा उत्तरदायी बनाउने छ। तलब वृद्धिले भ्रष्टाचार रोक्ने सरकारको अभियानमा पनि थप टेवा पुग्ने देखिन्छ। स्वास्थ्यकर्मी र सुरक्षाकर्मीलाई समेत विभिन्न योजनामा समेट्दा महामारीमा 'फ्रन्टलाइनमा' खटिँदाको पीडालाई थोरै नै सही मलमपट्टि गरेको छ। लक्ष्य गरेको स्रोत व्यवस्थापन नै मुख्य चुनौती हो। भाँडा नै खाली भए पस्किने पुन्यूले थाल भर्दैन। ऋणभन्दा अनुदान र राजस्वजस्ता स्रोतको समयमा व्यवस्थापन गर्दै कार्यान्वयनमा पनि सरकार उत्तिकै चनाखो हुन आवश्यक छ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# सामाजिक रुपान्तरणका आयाम

**कृष्णहरि बास्कोटा**

नेपालमा पटकपटक राजनीतिक आन्दोलनहरू भए र अहिले मुलुकमा गणतन्त्रात्मक संघीय लोकतान्त्रिक शासन प्रणाली छ। परन्तु, राजनीतिक परिवर्तन जतिपटक भए पनि नेपालमा अपेक्षित सामाजिक रूपान्तरण भने हुन सकेन। यस आलेखमा नेपालमा कस्तो सामाजिक रूपान्तरण आवश्यक छ भन्ने चर्चा गर्दैछु।

मदिरामुक्त नेपाल

नेपालका नेता, प्रशासक, बुद्धिजीवी, व्यापारी, डाक्टर, इन्जिनियर, पत्रकार, कलाकारलगायत सबै पेसा र क्षेत्रका मनिसको हुर्मत लिन कुनै कुरा सक्षम छ भने त्यो रक्सी नै हो। नेपालीको रक्सी धोक्ने बानी एक प्रकारले विश्वमै चर्चित होला भन्ने भय उत्पन्न हुन थालेको छ। विदेशमा बस्ने नेपाली बीचमा झगडा निम्त्याउने कामसमेत रक्सीले गरेको छ। समाजमा देखिएको विकृति विसंगति, फजुल खर्च, हत्या, हिंसा, बलत्कारजस्ता सबै अपराधको जड पनि रक्सी नै भएको छ। मुलुकको ७०-८० प्रतिशत अपराधका घटनामा रक्सीको भूमिका रहेको प्रहरी अनुसन्धानबाट खुलेको छ।

कतै भोजभतेरमा सित्तैमा रक्सी खान पाएपछि पल्किएका मानिसले ३।४ घन्टाको बीचमा आफ्नो मान, सम्मान, प्रतिष्ठा सबै त्यहीँ गुमाउँछन्। मुलुकमा असल चिन्तनहरू प्रस्फुटित नहुनुमा पनि रक्सी नै कारक हो। कारण पदमा पुगेका नेता र प्रशासकमध्ये अधिकांश रक्सीका अम्मली हुने गर्छन्। यसैगरी, मुलुकका बुद्धिजीवी, लेखक, पत्रकार, विचारकहरू पनि रक्सीमै रमाउने भएपछि देश उँधो लाग्नु स्वाभाविकै हो। मुलुकमा सामाजिक रूपान्तरण खोज्ने हो भने पहिला मदिरा निषेध गरौँ। नेपाललाई मदिरामुक्त मुलुक घोषणा गरौँ।

हलोमुक्त नेपाल

नेपालबाट राणाकालमै दासदासी प्रथा उन्मूलन गरियो। मुलुकमा प्रजातन्त्र बहाली भएपछि छुवाछुत प्रथालाई कानुनबाटै निषेध गरियो। राजनीतिक परिवर्तनसँगै बँधुवा, हलिया, कमलरी, कमैया, छाडपडी प्रथालगायतको उन्मूलन गरियो। अबको पालो, नेपाललाई हलो मुक्त गर्नु नै हो। कारण, हामी तुइन विस्थापित गर्दैछौँ। हामीले ठेलागाडा लगभग उन्मूलन गरिसक्यौँ। जनावर लाई यातायातको साधनकोरूपमा प्रयोग गर्ने र कृषिमा यस्को प्रत्यक्ष उपयोग गर्ने कुराले अझै पनि हाम्रो समाज मध्ययुगमै रहेको पुष्टि गर्छ। यसर्थ, वर्तमान एक्काइसौँ शताब्दी सुहाउँदो व्यवहार गर्नुपर्छ। यस्का लागि कृषिमा यान्त्रिकीकरण भित्र्याउनुपर्छ। मिनी ट्याक्टर, जिरो ट्रिलर, हार्भेस्टर, रिपरको व्यापक प्रयोग गर्नुपर्छ।

टनेलमा बेमौसमी खेती गर्नु पर्छ। खाद्यान्न र तरकारी खेतीमा रसायनिक मलको सट्टा प्राङ्गारिक मल प्रयोग गर्नुपर्छ। रासायनिक विषादीको सट्टा जैविक कीटनाशक प्रयोग गर्नुपर्छ। सरकारी स्वामित्वमा रहेका कृषि फर्म, वागवानी फर्म र पशु फर्म किसानलाई हस्तान्तरण गर्नुपर्छ। करिब २७ लाख बेरोजगार युवालाई रोजगारी दिने क्षेत्र यही हो। यसरी, कृषिलाई निर्बाहमुखीबाट व्यावसायीकरण र परांपरागतबाट यान्त्रिकीकरणमा रूपान्तरित गर्नु समयको माग हो।

पैत्रिक सम्पत्तिमुक्त नेपाल

हामी सबैजना आफ्नै खुट्टामा उभिनुपर्छ भनी उपदेश दिन माहिर छौँ। आफू राष्ट्रवादी भएको देखाउन परमुखी हुने होइन, आफू स्वतन्त्र, स्वच्छन्द र आफ्नै पौरखमा बाच्नुपर्छ भनी सिकाउन खौज्छौँ। यस अतिरिक्त, नेता र प्रशासक भएर स्वावलम्बन र स्वाधीनताको पाठ घोटाउछौँ। तर, हामीनै बाबु बराजुको सम्पत्तिमा डुबुल्की मार्न चाहन्छौँ। ससुरालीबाट दाईजो र सम्पत्ति पाउने आशा गर्छौं। कतैबाट अपुतालीमा सम्पत्ति आइहाल्छ कि भनी नातागोतामा सन्तान नभएका परिवारतिर आखा तन्काउछौँ। यस्तो दोहोरो चरित्रबाट मुक्त नहुन्जेल सामाजिक रूपान्तरण संभव छैन। यस्का लागि पैत्रिक सम्पत्ति स्वतः छोराछोरीमा जाने कानुनी व्यवस्था खारेज गरी बाबुआमाको शेषपछि उनीहरूको सम्पत्ति ट्रस्टमा रूपान्तरित हुने वा सामाजिक हितमा खर्च हुने व्यवस्था गर्न ढिला गर्नु हुँदैन। यसबाट प्रत्येक युवा आफ्नै खुट्टामा उभिनुपर्छ भन्ने सन्देश प्रवाह हुन्छ।। बाबुबराजुको सम्पत्तिले समृद्ध र सुखी हुने होइन। प्रत्येक युवालाई आफ्नै कमाइमाइमा गर्व गर्न सिकाउनुपर्छ। आमाबाबुले आफ्ना सन्तानलाई हुर्काउने, गुणस्तरीय उच्च शिक्षा दिने र आफ्नै खुट्टामा उभिन सक्ने तुल्याई दिए पुग्छ। त्यसपछि उनीहरू सन्तानको पालनपोषणको जिम्मेवारीबाट मुक्त हुनुपर्छ। बरू, प्रत्येक आमाबाबुले सन्तानलाई कम्तीमा १८/२० वर्षसम्म पाल्ने हुर्काउने र कमाइको लागि योग्य बनाउँछन्। छोराछोरीले भने कमाउन थालेपछि बाबुआमालाई बिर्सिन्छन्।

यो सरासर 'सामाजिक अन्याय' हो। यसर्थ तत्कालै कानून बनाएर आार्थिक सहयोगको आवश्यकता महसुस गर्ने प्रत्येक आमाबाबुलाई छोराछोरीको मासिक आम्दानीको १० देखि २५ प्रतिशत रकम प्रत्येक महिना तलब सरी दिनुपर्ने कानुनी व्यवस्था गर्नुपर्छ। यसरी सामाजिक रूपान्तरणका लागि पहल गर्नुपर्छ।

फजुल खर्चमुक्त समाज

नेपाली समाज बिस्तारै तडकभडक र फजुलखर्चतर्फ अग्रसर हुँदै गएको छ। यसबाट भ्रष्ट्राचार बढने, दलाल र बिचौलियाको बिगबिगी फैलिने हुन्छ। जसरी पनि पैसा कमाउनुपर्छ भन्ने सन्देश दिन्छ। समाजमा अनैतिकता, अपराध र विकृति विसंगतिले फैलिने मौका पाउँछ। यसर्थ, समाजमा हुने फजुल खर्च रोक्नै पर्छ। एउटा भ्रमबाट निस्किऊँ। फजुल खर्च रोक्ने भनेको सरकारी भोजभतेर बन्द गर्नेमात्रै होइन। कुनै पनि नागरिकले न्वारान गर्दा, विवाह, व्रतबन्धका समारोह आयोजना गर्दा आफ्ना थरका वा गुठियार र नाता सम्बन्धका पाहुना बाहेकलाई आमन्त्रण गर्न नपाउने कानुनी व्यवस्था गर्नुपर्छ। समाज नै फजुलखर्ची हुन्जेल मुलुकको समृद्धि सम्भव छैन।

व्यापारमुक्त शिक्षा र स्वाथ्य सेवा

विश्वव्यापीरूपमा नियाल्दा असल शासनको परिभाषाभित्र शिक्षा र स्वास्थ्य सेवालाई निःशुल्क गर्ने राज्य नै उत्कृष्ट ठहरिएका छन्। पुँजीवादी, साम्यवादी शासन वा बीचको लोककल्याणकारी वा समाजवादी शासन प्रणाली जे भएपनि शिक्षा र स्वास्थ्य क्षेत्र नै उच्च प्राथमिकतामा रहेको पाइन्छ। विकसित ठहरिएका मुलुकमा शिक्षा र स्वास्थ्य निःशुल्क छ। नागरिकहरू तुलनात्मकरूपमा सन्तुष्ट र ढुक्क छन्। नेपालको संविधानले पनि आधारभूत शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तहको शिक्षा निःशुल्क हुने प्रबन्ध गरेको छ। यसैगरी, स्वास्थ्य सेवाबाट पनि कोही वञ्चित नहुने प्रत्याभूति दिइएको छ। तर, यो व्यवहार मा लागू छैन। यसर्थ, राज्य प्रणालीले जनताको शिक्षा र स्वास्थ्य सेवा पाउने हक प्रचलनको जिम्मेवारी आफ्नो काँधमा लिनुपर्छ। यस्का लागि हाल शिक्षा र स्वास्थ्य क्षेत्रमा भइरहेको व्यापारलाई निषेध गर्नुपर्छ।

हाल संचालनमा रहेका निजी क्षेत्रका सबै स्वास्थ्य निकाय र शिक्षा क्षेत्रका स्कूल र कलेजलाई क्षतिपूर्ति दिएर सरकारी नियन्त्रणमा लिनुपर्छ वा ट्रस्टमा रूपान्तरित गर्नेलगायतका विभिन्न विकल्पमा जानुपर्छ। यसबाट बालबच्चाको पढाइका लागि पैसा कमाउनुपर्ने वा भविष्यमा बुढेसकालमा बिरामी पर्दा उपचारका लागि रकम जम्मा गर्नु पर्नेछैन। फलस्वरूप, भ्रष्ट्राचार, कालोबजारी, दुईनम्बरी कामलगायतका गलत क्रियाकलापमा रोक लाग्नेछ। यसबाट नेपाली समाज सकारात्मक सामाजिक सुधारतर्फ उन्मुख हुनेछ। क्षेत्र निर्धारण गरी (जोनिंग) हरेक टोल, गाउँ वा नगरका बालबालिकालाई सबैभन्दा नजिकको स्कुल र कलेजमा पठन पाठन गर्न अनिवार्य गरिनेछ। शिक्षकहरू पनि आफ्नो घर नजिकको विद्यालय र क्याम्पसमा सरूवा हुनेछन्। स्थानीय अभिभावकहरूले आफ्नो क्याम्पस र स्कूलको जिम्मा लिएर त्यसलाई गुणस्तरीय तुल्याउनेछन्। यसरी क्याम्पस र स्कुल जाने विद्यार्थीहरूलाई अर्को टोल, गाउ वा नगरको कलेज वा स्कुलमा जानुपर्ने छैन। स्वास्थ्य सेवाको हकमा पनि घरनजिकको अस्पतालले पारिवारिक चिकित्सा र पारिवारिक अस्पतालको सेवा दिनेछ। सो अस्पतालको सञ्चालन सम्बन्धित टोलवासीले नै गर्नेछन्। अर्को स्थानको स्कुल, कलेजमा जाने वा अस्पतालमा प्रेषित गरी पठाउने अधिकार स्थानीय कलेज, स्कुल र अस्पतालमा निहित रहनेछ। यसबाट आआफ्नो बस्तीभित्र रहेको कलेज, स्कुल र अस्पताललाई उत्कृष्ट बनाउन बासिन्दाहरूबीच सकारात्मक प्रतिस्पर्धा हुनेछ। फलतः हाल अपेक्षा नै नगरिएको उत्कृष्ट शिक्षा र स्वास्थ्य सेवा हासिल हुनेछ।

जग्गामुक्त आवासयुक्त नेपाली

अति सीमित संख्यालाई अपवाद मान्ने हो नेपालमा सबैसँग जग्गाको लालपुर्जा छ। सरकार पनि सुकुम्वासीलाई जग्गा बाँड्ने योजनामै छ। दस धुरका दरले जग्गा बाँडेर भए पनि सबै नेपालीको हातमा लालपुर्जा पुऱ्याउने मेलोमेसोमा हामी छौँ। नेपालको जमिनको खण्डीकरणको स्थितिलाई नियाल्दा करिब ५१ प्रतिशत मानिससँग आधा हेक्टरभन्दा कम जमिन छ।

यो भनेको करिब १२।१३ कट्ठा बराबर हो। बरू जग्गा नहुने मानिस फिरन्ते छ र जीवनमा तरक्कीको मौका भेट्टाउन पनि सक्षम छ। नेपालको संविधानले पनि नागरिकलाई जग्गाको होइन आवासको हक दिएको छ। यसर्थ, सर्ब नेपालीको घर घडेरी हुनुपर्छ। तर, खेती गर्न नसक्नेसँग जमिन रहनु भनेको बाँझो हुनु हो। यसरी जमिनको उपयोगसँगै सानो टुक्रा जमिनमा अल्झिएर गरिबीको दुश्चक्रमा बाच्न विवश नागरिकको जीवनले कोल्टे

स्वरोजगारका योजना वा परांपरागत पेसाहरूले आधुनिकीकरणमा रूपान्तरित हुने मौका पाउनेछन्। आफ्नो कार्ययोजनाअनुसार जमिन पाउनेहरूको परियोजनामा नयाँ रोजगारीको अवसर सृजना हुनेछ। यसरी नेपालमा सामजिक रूपान्तरण संभव हुनेछ। *बाह्रखरीबाट*

# कोरोना भाइरसः कोभिड-१९ खोपबारे हामीलाई अझै थाहा नभएका चार कुरा



विश्वभरि कोरोनाभाइरसविरूद्ध खोप दिएर मानिसहरूलाई सुरक्षित बनाई यथाशीघ्र अवस्था समान्य बनाउन प्रयासहरु भइरहेका छन् । ज्यानुअरी २३ सम्म छ करोड भन्दा बढी मानिसले खोपको केही मात्रा लिइसकेका छन् ।

तर अन्य देशहरूले आफ्नो अभियानलाई तीव्र बनाउने प्रयास गर्दा पहिला थाहा नभएका कैयौँ विषयबारे कुराहरु आइरहेका छन् । अहिलेसम्म पनि खोपबाट प्राप्त हुने प्रतिरोध क्षमता कति समय रहन्छ वा विश्वभरि देखा परेको नयाँ खालको भाइरसविरूद्ध खोप प्रभावकारी हुन्छ कि हुँदैन भन्ने प्रश्नहरु उठेका छन् । विश्व इतिहासकै सबैभन्दा ठूलो खोप अभियान आरम्भ भएको झन्डै दुई महिना पुग्न लाग्दा यहाँ अझै कायम चार प्रश्नको चर्चा गर्दैछौँ ।

**१. खोपबाट कति समय प्रतिरोधी क्षमता प्राप्त हुन्छ?**

कोरोनाभाइरस संत्रमण भएपछि वा खोप लगाएपछि हामीमा कस्तो प्रतिरोध क्षमता विकास हुन्छ भन्ने प्रश्न हालैका महिनाहरूमा हामीले सुन्दै आएका छौँ । महामारी सुरू भएको एक वर्षपछि मध्यम-दीर्घकालमा हुने प्रतिरोध क्षमताबारे पहिलो अध्ययन प्रकाशित भएको छ । खोप विकास गर्न लागेको समयका कारण पनि लामो समयावधिको अध्ययन हुन सकेको छैन। तर क्यालिफोर्नियास्थित ल होया इन्स्टिट्यूट अफ इम्यूनोलजीका अनुसार कोरोनाभाइरसको सत्रमणबाट निको भएको कम्तीमा छ महिनासम्म पनि कैयौँ प्रतिरोधात्मक प्रतिक्रियाहरु देखा परेको पाइएको छ ।

पब्लिक हेल्थ अफ इङ्गल्यान्डले कोभिड-१९ भएका व्यक्तिहरु कम्तीमा पाँच महिनासम्म सुरक्षित रहने बताएको थियो । कतिपय वैज्ञानिकहरु विकसित प्रतिरोध क्षमता अझ धेरै समय वा वर्षसम्म कायम रहन सक्ने ठान्छन् । तर सबै बिरामीको हकमा अवस्था एउटै नहुन सक्छ । प्रत्येक मानिसले थोरै वा धेरै सुरक्षा प्राप्त गर्न सक्छन् जसको आधारमा पुनः संक्रमणको सम्भावना निर्भर रहन्छ ।

यूनिभर्सिटी अफ लेस्टरका भाइरसविज्ञ डा. जुलियन टाङ भन्छन्, "हामीले भर्खरै खोप दिन थालेकाले कति समय प्रतिरोध क्षमता कायम र हन्छ भन्न सकिँदैन। यो बिरामी र खोपको प्रकारअनुसार फरक पर्न सक्छ तर सम्भवतः ६ देखि १२ महिनासम्म र हन्छ ।" तर संयुक्त राज्य अमेरिकाको मायो क्लिनिकका मलेक्यूलर मेडिसिनका प्राध्यापक एन्ड्रु ब्याड्ली आशावादी छन् ।

"मलाई खोपको प्रभाव र प्रतिरोध क्षमता कैयौँ वर्षसम्म देखा पर्छ भन्ने लाग्छ । नयाँ प्रकारको संक्रमणका घटना देखा परेका व्यक्तिबारे विस्तृत विश्लेषण गर्नुपर्छ र बिरामीहरूले खोपपछि कस्तो प्रतिक्रिया जनाउँछन् त्यो हेर्नुपर्छ।"

**२. के खोप लगाएपछि कोरोना भाइरस संक्रमण हुन सक्छ ?**

हुन सक्छ र त्यसका कैयौँ कारण छन् । पहिलो खोपहरूले दिने सुरक्षा उनीहरूको प्रकार हेरीकन पहिलो वा एकमात्र खोपको मात्रा लिएको दुई वा तीन हप्ताअघिबाट सुरू हुँदैन ।

"यदि खोप लगाएको एक दिन वा एक हप्तामा तपाईँ भाइरसको संसर्गमा पुग्नुभयो भने तपाईँलाई संक्रमणको जोखिम रहन्छ र तपाईँले अरु मानिसहरूलाई पनि भाइरस सार्न सक्नुहुन्छ," टाङले भने । तर आवश्यक खोपको मात्रा लिएको कैयौँ हप्तापछि पनि सत्रमण देखा पर्न सक्छ । डा. ब्याड्ली भन्छन्, "उपलब्ध तथ्याङ्कले व्यक्तिहरूलाई कोभिड हुन सक्ने देखिन्छ तर उनीहरूमा कम प्रभाव देखा पर्छ र कम बिरामी पर्छन् ।" उनी खोप लगाएका व्यक्तिबाट अरूलाई भाइरस सर्ने सम्भावना पनि कम हुने विश्वास गर्छन् ।

खोपले प्रभावकारी रूपमा उल्लेख्य सत्त्यामा मानिसहरूलाई सुरक्षा दिनेमा केही सहमति छ तर कुन हदसम्म तिनले सङ्क्रमण र विस्तार नियन्त्रण गर्छन् भन्ने थाहा हुनसकेको छैन ।

**३. के खोपले नयाँ परिवर्तनशील कोरोनाभाइरसबाट जोगाउँछ?**

यो चिन्ताको विषय हो । भाइरसहरूमा निरन्तर उत्परिवर्तन भइरहन्छ। कुनै बेला खोपले भाइरसविरूद्ध काम नगर्न सक्छ । त्यसो यो भने खोप नै फेर्नुपर्छ । ब्रिटेन र दक्षिण अफ्रिकामा फेला परेका कोरोना भाइरसका नयाँ भेरीअन्ट अर्थात् प्रकारहरु अन्य देशमा पनि फैलिसकेका छन् ।

यस्ता प्रकारका कोरोनाभाइरस बढी संक्रामक भएको मानिएको छ । गत साता मोडेर्नाले आफ्नो खोप संयुक्त अधिराज्य र दक्षिण अफ्रिकामा देखिएका नयाँ प्रकारका कोरोनाभाइरसविरूद्ध पनि प्रभावकारी रहेको घोषणा गरेको छ । पछिल्लो प्रकारका लागि उसले सुरक्षा बढी दिने नयाँ प्रकारको थप खोप उत्पादन गर्ने पनि भनेको छ । फाइजर /बायोएन्टेकले पनि उनीहरूको खोप नयाँ प्रकारको कोरोनाभाइरसमा काम गर्ने दाबी गरेका छन् ।

डा. ब्याड्ली भन्छन्, "अहिले स्वीकृति पाएका खोपहरु एकदमै प्रभावकारी छन्, तर ती सुरूसुरमा देखा परेको वा नयाँ प्रकारको भाइरसविरूद्ध शत प्रतिशत प्रभावकारी छैनन् ।" डा. टाङला भनाइमा खोपको सुरक्षा नयाँ प्रकारको भाइरस कसरी पुरानोभन्दा फरक छ भन्नेमा निर्भर रहन्छ ।

सङ्क्षेपमा भन्नुपर्दा सरकार र स्वास्थ्य विभागहरूले नयाँ प्रकारका भाइरसको अनुगमन र पहिचान गरी तीविरूद्ध कुन विधि उपयुक्त हुन्छ भन्ने निर्णय गर्नुपर्छ ।

**४. कति मात्रा खोप र कहिलेसम्म दिनुपर्छ?**

फाइजर, मोडेर्ना र यूनिभर्सिटी अफ अक्सफर्ड/एस्ट्राजेनेकाले खोपको दुईवटा मात्रा दिइनुपर्ने बताएका छन् ।

सुरूमा गरिएको परीक्षणका आधारमा उनीहरूलाई पहिलो खोप लगाएको तीनदेखि चार हप्तापछि दोस्रो खोपको मात्रा लिन मानिसहरूलाई भनिएको थियो ।

तर सन् २०२० को अन्त्यमा संयुक्त अधिराज्यले आफूले सकेसम्म बढी मानिसलाई पहिलो खोपको मात्रा दिने विषयलाई प्राथमिकतामा राख्ने भन्दै दोस्रो खोपको मात्र तीन महिनापछि दिइने बतायो । तर फाइजर र अधिकांश वैज्ञानिक जगत् प्रारम्भिक परीक्षणमा प्रमाणित पहिलो मात्राको खोप दिएको २१ दिनपछि दोस्रो खोप दिने निर्णयमा कायम रहने निष्कर्षमा छन्।

विश्व स्वास्थ्य सङ्गठनले यसबारे निर्णय सुनाउँदै प्रत्येक २१ वा २८ दिनमा खोप लगाउन सुझाव दिएको छ । विशेष अवस्थामा छ हप्ताको अन्तरालमा खोप लगाउन सकिने डब्ल्यूएचओले जनाएको छ ।

## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# कोरोना भाइरसः मानिसहरु अनुहार नछोईकन किन बस्न सक्दैनन्?



मानवलाई अन्य जीवभन्दा भिन्न देखाउने गुणमा अनुहार छुने स्वभाव पनि हो । आफूले थाहै नपाई अनुहार छोइराख्ने स्वभाव भएको सम्भवतः हामी एकमात्र प्रजाति हौँ । त्यो स्वभावले कोरोनाभाइरस (कोभिड-१९) जस्ता रोग फैलाउन सघाउँछ । हामी किन यस्तो गर्छौँ र हामीले यस्तो स्वभाव **कसरी हटाउन सकिन्छ?**

हाम्रो बानी कस्तो छ?

हामीले बारम्बार आफ्नो अनुहार छोइराखेका हुन्छौँ । सन् २०१५ मा अस्ट्रेलियामा चिकित्साशास्त्रका विद्यार्थीहरूको स्वभावको अध्ययन गरि यो। त्यति बेला उनीहरूमा समेत अनुहार छोइराख्ने बानी रहेको पाइयो । चिकित्साशास्त्रका विद्यार्थीहरु जोखिमबारे अरूभन्दा बढी सचेत हुनुपर्ने हो । तर सहभागीहरूले एक घण्टामा कम्तीमा २३ पटकसम्म आफ्नो मुख, नाक वा आँखा छोएको पाइयो । विज्ञहरूका अनुसार त्यसरी अनुहार छोइराख्ने बानी खतरनाक हुन सक्छ। कोभिड-१९ बाट जोगिन हामीले आ ना हातलाई विश्राम दिने, धेरै नचलाउने र धेरै सफा गरिरहने सुझाव दिइएको छ।

**हामी किन बारम्बार अनुहार छुन्छौँ?**

मानव र वानर प्रजातिका केही सदस्यले हात नचलाई बस्नै नसक्ने गरेको पाइएको छ। हामी त्यसैगरी बनेका हुन सक्छौँ । केही प्रजातिले अनुहार राम्रो बनाउन वा कीरा धपाउन अनुहार मा हात लैजाने गर्छन् । मानव र केही वानरजातिले विभिन्न कारणले अनुहार मा हात लगिरहन्छन् । यूसी बर्कलीका मनोविज्ञानका प्राध्यापक ड्याचर केल्ट्नर का विचारमा अनुहारलाई सहज बनाइराख्न हामीले हात प्रयोग गर्ने गरेका हुनसक्छौँ । तर अरु बेला हामीले थाहै नपाई अनुहार छोएर "जिस्किने वा सामाजिक नाटकको एक चरणबाट अर्को चरणमा प्रवेश गरिरहेका हुन्छौँ ।" अन्य विज्ञहरूले हामीले आफैँलाई छोएर आफ्ना संवेग र ध्यानलाई नियन्त्रणमा लिन खोज्ने गरेको निष्कर्ष निकालेका छन्। लाईप्सिग विश्वविद्यालय जर्मनीका मनोवैज्ञानिक एवं प्राध्यापक मार्टिन ग्रूनवाल्ड भन्छन्, "यो हाम्रो प्रजातिको आधारभूत स्वभाव नै हो ।" "आफैँलाई छुने स्वभाव कसैले कुनै सन्देश दिनको लागि बनाएको होइन, यो त प्रायः थाहै नपाई हुने गर्छ," ग्रूनवाल्डले बीबीसीसँग भने । "यो स्वभावले हाम्रो सबै चेतनशील र संवेगात्मक प्रक्रियामा प्रमुख भूमिका खेल्छ। यो सबै मानिसमा हुने गर्छ ।"

आफैँलाई छुने यस्तो स्वभावको एउटा समस्या के हो भने हाम्रा आँखा, नाक र मुखबाट खराब वस्तु वा कीटाणु सहजै हाम्रो शरीरभित्र पस्न सक्छ । उदाहरणका लागि कोरोनाभाइरस कुनै संक्रमित व्यक्तिबाट अर्को व्यक्तिमा ससाना बिन्दुको रूपमा नाक वा मुखबाट सहजै प्रवेश गर्न सक्छ । हामीले त्यो भाइरस रहेको कुनै वस्तु वा सतहमा छोयौँ भने पनि संक्रमण हुन सक्छ । थप अध्ययन जारी नै छ । तर वैज्ञानिकहरूका अनुसार त्यो भाइरस नौ दिनसम्म जीवित रहने गरेको पाइएको छ ।

**भाइरस कति शक्तिशाली हुन्छ?**

भाइरसको यही शक्ति र हाम्रो अनुहार छोइराख्ने बानीको मेल खतर नाक हुन सक्छ । सन् २०१२ मा अमेरिका र ब्रजिलका अनुसन्धानकर्ताहरूको एउटा टोलीले कुनै मानिसहरूको एउटा समूहले सार्वजनिक स्थलका सतहहरूमा एक घण्टामा तीन पटकसम्म हातले छोएको पायो। मानिसहरूको त्यो समूहले प्रतिघण्टा ३.६ पटकसम्म नाक वा मुख छुने गरेको पायो । त्यो अस्ट्रेलियाली विद्यार्थीहरूले घण्टामा २३ पटकसम्म अनुहार छोएकोभन्दा कम हो । कक्षाकोठाभित्र भन्दा बाहिर अन्य कुराले ध्यान भङ्ग गरेको हुनाले बाहिर रहेका मानिसको अनुहार छुने क्रम कम भएको हुन सक्छ । मानिसहरूको यस्तै अनुहार छोइराख्ने स्वभावका कारण पनि केही विज्ञहरूले हातको छुवाइबाट बचाउन पनि नाक र मुख छोप्ने मास्क लगाउने सल्लाह दिइरहेका छन् ।

**हामी के गर्न सक्छौँ?**

हामीले हातले आ ना अनुहार छोइराख्ने दर कम गर्न के गर्न सक्छौँ होला? कोलम्बिया विश्वविद्यालयमा स्वभावबारे अनुसन्धान गरेका वैज्ञानिक माइकल हल्स्वर्थ भन्छन्: सल्लाहसुझावलाई व्यवहारमा बदल्न निकै गाह्रो हुन्छ । "मानिसले थाहै नपाई गर्ने गरेको कामलाई रोक्नुहोला भन्नु आफैँमा एउटा समस्या हो," उनले बीबीसीसँग भने । "अनुहार 'नछुनू' भन्नुभन्दा पनि मानिसलाई हात धोइराख्नू भन्न सजिलो हुन्छ।"

**समाधान के होला?**

हल्स्वर्थका विचारमा हामीले आफैँलाई छोइराख्ने कारण पत्ता लगाएर पनि समाधाननजिक पुग्न सकिन्छ । "हामीले छुनुपर्ने कारणहरु पत्ता लगाएर पनि त्यसको समाधान निकाल्न सक्छौँ," उनले भने । "आँखा छोइराख्नुपर्ने मानिसले घामचस्मा लगाउन सक्छन् ।" "अथवा हातमाथि नै बसिदिँदा हातले अनुहार छुने क्रम घट्ला ।" जोखिमबारे आफैँलाई सम्झाइरहने गर्नाले पनि स्वभाव बदल्न सहयोग पुग्न सक्छ । "यदि कसैमा कुनै स्वभाव डरलाग्दो छ भने साथी वा आफन्तलाई त्यसबारे आफूलाई चेतावनी दिइरहन सुझाव दिएमा पनि सहयोग पुग्न सक्छ," हल्स्वर्थले भने । पन्जा लगाउँदा के होला? बारम्बार नधुने वा नफेर्ने हो भने त्यो झनै फोहर र संक्रमक हुन सक्छ ।

**सबैभन्दा राम्रो उपाय के हो?**

अरु जेसुकै गरे पनि हात धुने बानीले जति फाइदा अरु उपायबाट हुँदैन । विश्व स्वास्थ्य सङ्गठनका महानिर्देशक टेड्रोस एड्हानोम गेहब्रेयससले फेब्रूअरी अन्तिम साता एउटा पत्रकार सम्मेलनमा भने, "हामीले खोप वा औषधिलाई कुरिरहनै पर्दैन । "हामीले यस्तै ससाना कदम चालेर आज आफूलाई बचाउन सक्छौँ ।"

# स्थानीयद्वारा कोभिड रेस्पोन्स टीमलाई आर्थिक सहयोग



◆ विकास संवाददाता

नेपाल सहित मकवानपुरमा महामारीको रूपमा फैलिएको कोरोना भाईरसलाई स्थानीय क्षेत्रबाट नै नियन्त्रण गर्न हेटौंडा -६र १७ मा गठन भएको कोभिड-१९ सामुदायिक रेन्सपोन्स कार्यदललाई सहयोग गर्ने सहयोगी हातहरूको संख्यामा वृद्धि हुदै गएका छन । यसै क्रममा बुधवार कार्यदललाई हेटौडा-६ हात्तीलेट र रामनगरका स्थानीयहरूलाई आर्थिक सहयोग गरेका छन । युवा परिचालन तथा स्वयसेवक उपसमितिका लक्ष्मण पौडेल, आशिष चौलागाँई, सुपेन्द्र खनाल, धनेन्द्र विष्ट र एलिस सञ्जेलको टोलीले संकलन गरेको ६८ हजार १ सय २८ रूपैयाँ कार्यदलका संयोजक एवम हेटौडा-६ का वडा अध्यक्ष अर्जुनप्रसाद चौलागाँईलाई हस्तान्तरण गरिएको छ ।

यसैगरि हेटौडा-६ हातीलेट निवासी पुष्पराज पराजुलीले कार्यदललाई एक बोरा चामल उपलव्ध गराएका छन । कार्यदलले वडा नं. ६,७, र १७ का संक्रमितको घरघरमा पुगी स्वास्थ्य सल्लाह र स्वास्थ्य सामाग्री प्रदान गर्नुको साथै अक्सिजन सहयोग र कोरानाका कारण समस्यामा परेका व्यक्तिहरूलाई खाद्यान्न समेत वितरण गर्दै आएको कार्यदलका सहसंयोजक भरत सापकोटाले बताए ।

कार्यदलले मकवानपुरगढी स्वास्थ्य चौकी, शिखरकटेरीलाई ३ थान अक्सिजन, स्वास्थ्य सामाग्री र मकवानपुर गढी गाउँपालिकाद्वारा वडा नं. ३ मक्रान्चुलीमा सञ्चालित आईसोलेसन वार्डलाई पनि स्वास्थ्य सामाग्री प्रदान गरेको छ ।

हाल सम्म करिव ४ लाख १० हजार संकलन भएको र सहयोगीहातहरूबाट रकम आउने क्रम जारी रहेको आर्थिक तथा राहत संकलन उपसमितिका सहसंयोजक देवराज गौतमले बताएका छन। त्यसैगरी अभियानमा विदेशमा रहेका व्यक्तिहरूबाट समेत सहयोग भैरहेको कार्यदलका सदस्य उदय विडारीले बताए । रकम हस्तान्तरण कार्यक्रममा कार्यदलका सदस्य पवन दुलाल, सरिता मिश्र, सुन्दर आचार्य र स्थानीयहरूको उपस्थिति रहेको थियो ।

# ड्युटीका सुरक्षाकर्मीलाई खाजा खुवाउदै मनकारी विकेशलाल

◆ विकास संवाददाता

विपदको समयमा सबै क्षेत्रमा सरकारको पहुँच र कदम नपुग्न सक्छ । विपदको समयमा सरकारी गैर सरकारी विभिन्न संघ संस्था,व्यक्तिको सकृयता उत्तिनै आवश्यकता रहन्छ । हाल नेपाल कोरोनाको जोखिममा छाकोरोनाका कारण देशभर निषेधाज्ञा जारी गरिएको छ । यस विपदको समयमा विभिन्न सरकारी, गैरसरकारी संघ संस्था,व्यक्ती विपन्न परिवारलाई खाना र राहत वितरण कार्यमा संलग्न छ भने कोही कोरोना रेस्पोन्स टिम गठन गरी त्यसको नियन्त्रणमा लागि परेका छन ।

यसै क्रममा मकवानपुरका युवा अभियन्ता तथा समाजसेवी विकेशलाल श्रेष्ठले निषेधाज्ञा नियन्त्रणमा खटिने सुरक्षाकर्मीलाई दिवा खाजा खुबाउन सकृयाता देखाएका छनाउनले हेटौंडा बजार क्षेत्रमा ड्युटीमा खटिने सुरक्षाकर्मीलाई दिवा खाजा सहयोग गर्ने भएका छन । निषेधाज्ञाका कारण कोरोनाको जोखिमलाई बिर्सिएर ड्युटीमा खटिने सुरक्षाकर्मीलाई सहयोग मिलोस भनेर एकलौटी पहलमा निषेधाज्ञाभर दिवा खाजा खुवाउन सकृयता देखाएका हुन ।

"अहिले मकवानपुरभर निषेधाज्ञा छ । निषेधाज्ञामा कुनै पसल खुलेको छैन । घामपानी नभनि सडकमा निषेधाज्ञा कडाई गर्न सवारी चेकजाँच र ड्युटीमा खटिने सुरक्षाकर्मीलाई राहत होस भन्दै स्वइच्छाले खाजा सहयोग गरेको हु,जोकोही नागरिकको समस्या साथ दिनु जिम्मेवार नागरिकको दायित्व भएकोले सुरक्षार्थ खटिने सुरक्षाकर्मीलाई खाजा खुवाउन सकृयता देखाएको हु"- श्रेष्ठले भने । श्रेष्ठ जस्तै अहिले मकवानपुरको हेटौंडामा रोटरी क्लब अफ मकवानपुर हेटौंडा,लियो क्लब जस्ता विभिन्न युवा सङ्गठनले अक्सिजन सिलिन्डर ,खाना,खाजा आइसोलेशनमा रहेकालाई पौष्टिक आहार तथा खाद्यान्न सहयोग गरिरहेका छन ।

# केही संक्रमित अनुशासनहीनः वडा अध्यक्ष

◆ विकास संवाददाता

बागमती प्रदेश राजधानी हेटौंडा उपमहानगरपालिका भित्रका केहि कोरोना भाइरस (कोभिडि-१९) संक्रमित अनुशासनहिन भएको खुलेको छ । १३ जेठमा हेटौंडामा उद्योग वाणिज्य संघ मकवानपुरको नेतृत्वमा रहेको कोभिड हेल्थ डेस्क मकवानपुरले संचारकर्मी तथा जनप्रतिनिधिहरू गरेको छलफल कार्यक्रममा होम आइसोलेसनमा बसेका हेटौंडा भित्रका संक्रमितको अवस्था बुझ्न जाँदा घरमा नभेटिने गरेको खुलेको हो ।

छलफल कार्यक्रममा बोल्दै हेटौंडा-१ का वडा अध्यक्ष सविन न्यौपानेले आफ्नो वडा भित्रका संक्रमित अनुशासनहिन भएको बताए । उनले भने,'संक्रमण पुष्टि भएको सूचना आएपछि हाम्रो वडाको टोली संक्रमितको स्वास्थ्य अवस्था बुझ्न घर पुग्ने गरेको छ । तर कतिपय संक्रमितहरू घरमा भेटिन्न । टोल छिमेकमा अन्य समयझै अवस्थामा भेटिने गरेका छन् । हामीहरूले घरमै बस्न आग्रह गरेर निगरानीमा राखेको छौ,अब पनि अनुशासनमा बसेनन् भने टोलछिमेकलाई जानकारी गराएर आइसोलेसनमा पठाउने तयारी गरेका छौं ।' अध्यक्ष न्यौपानेले संक्रमितले स्वास्थ्य मापदण्डको पालना नगर्दा जोखिम बढेको समेत बताए । उनले भनेः पहिलो चरणको कोभिड संक्रमणको समयमा लकडाउनमा कुनै टोल,स्थानमा संक्रमित देखा पर्दा सिलनै गरेर संक्रमितलाई आइसोलेसनमा लगेर उपचार गरेका थियौ । हाल दोस्रो चरणको कोभिडमा हरेक टोल,घर परिवारको सदस्यमा संक्रमण देखा परेको अवस्था छ अब संक्रमितनै सचेत भएर बस्नुपर्छ ।

यसैगरि छलफलमा हेटौंडा-११ का वडा अध्यक्ष गोकर्णप्रसाद पराजुलीले संक्रमितहरूको नियमति स्वास्थ्य अवस्था बुझिरहेको बताए । उनले संक्रमितको स्वास्थ्य अवस्था बुझ्ने र समस्या भएकाहरूलाई आइसोलेस पठाउने देखि डाक्टरको सल्लाहमा औषधी समेत दिन काम भइरहेको जानकारी दिए । छलफलमा कोभिड हेल्थ डेस्क मकवानपुका सदस्य सरोज खनाले आफुहरू पछिल्लो ५ दिन देखि हेटौंडा उपमहानगपालिका भित्र नियमति संक्रमितको स्वास्थ्य अवस्था बुझ्न संक्रमितहरू घर पुगिरहको तर अधिकाशं संक्रमित घरमा स्वास्थ्य मापदण्ड पालना नगरि अन्य अवस्थामा झै बसेको पाईएको बताए । उनले संक्रमित र संक्रमितको परिवारहरूलाई संक्रमणको बारेमा सचेत गराई स्वास्थ्यमा समस्य भएको अवस्थामा सम्पर्क गर्न आग्रह गरेको बताए ।

छलफलमा कोभिड हेल्थ डेस्क मकवानपुका संयोजक कृष्ण कटुवालले संक्रमितहरू अवस्था बुझ्न र समस्या समाधान गर्न आफ्नो टोलि घरघरमा पुगिरहेको बताए । उनले भने,'जिल्लामा संक्रमण बढिरहेको छ र जोखिम पनि बढिरहेको छ । हामी स्वास्थ्य मापदण्डको पालना गर्दै स्वास्थ्य सामग्री मास्क,सेनिटाइजर तथा खाद्यन्न समेत बोकेर संक्रमितको स्वास्थ्य अवस्था बुझ्न हिडिरेहका छौ । खाद्यन्न समस्या भएको परिवारलाई खाद्यन्न समेत वितरण गरिरहेका छौ ।'

'पछिल्लो ५ दिनमा हेटौंडा नगर भित्र होम आइसोलेसमा बसेका संक्रमितका अवस्था बुझ्न जाँदा कतिपय संक्रमितहरू घरमा नभेटिने गरेको केहि समय पर्खेरै संक्रमितलाई भेटेर सचेतना समेत गराईरहेका छौ संयोजक कटुवालले भने,हामीलाई हेल्थ डेस्क संचालन गर्न जिल्ला,देश तथा विदेशबाट आर्थिक सहयोग समेत आइरहेको छ । हामीले कोभिड बिरामीको निगरानी राख्नुको साथै अस्पतालको आइसोलेस तथा जिल्लाका विभिन्न स्थानका व्यक्तिहरूलाई नियमित अक्सिजनको साहारमा बाच्नेहरूलाई समेत अक्सिजन निशुल्क दिँदै आइरहेका छौ ।' छलफलमा संयोजक कटुवालले उद्योग वाणिज्य संघ मकवानपुरको पल्पसा सभाहललाई संक्रमितको उपचारको लागि केयर सेन्टर बनाउने तयारी समेत अन्तिम चरणमा पुगेको जानकारी गराए । उनले भने,'हेटौंडामा संक्रमित बढिरहेको र स्वास्थ्यमा बढी समस्या भएकाहरूलाई सेन्टरमा ल्याएर उपचार गराउँछौ । सेन्टरको लागि अक्सिजन सिलिण्डर तयारी अवस्थामा रहेको छ । संयोजक कटुवालका अनुसार अक्सिजन सहितको केयर सेन्टर ३० बेड क्षमताको रहनेछ । सेन्टरमै डाक्टरसहित खाजा,खाना व्यवस्था रहने छ ।' छलफलमा संचार कर्मीहरूले संक्रमित टोल छिमेकमा डुल्ने गरेको आफुहरूलाई खबर आएको बताउँदै जिल्लामा होम आइसोलेसन बसेका संक्रमितबाट संक्रमणको जोखिम उच्च रहेको बताएका थिए । उनिहरूले होम आइसोलेसनमा बसेका संक्रमितको नियमित स्वास्थ्य अवस्था बुझदै निगरानी गर्नु पर्ने र मनोबल बढाउने रचनात्मक कार्य गर्नुपर्ने बताएका थिए ।

# ५० घर परिवारलाई खाद्यान्न

◆ विकास संवाददाता

कोभिड-१९ रेस्पोन्स टिम हेटौंडा-१८ ले विपन्न परिवारलाई खाद्या तथा स्वास्थ्य सामाग्री सहयोग गरेको छ । रेस्पोन्स टिमले मंगलबार हेटौंडा-१८ मा रहेका ५० घर तथा विपन्न परिवारलाई खाद्या तथा स्वास्थ्य सामाग्री सहयोग गरेको हो।टिमले ५० घरपरिवारलाई १५ किलो चामल,२ किलो दाल र आलु ,नुन तथा मास्क सहयोग गरिएको रेस्पोन्स टिम संयोजक योगराज खतिवडाले बताए ।

कोरोनाका कारण जारी निषेधाज्ञाले ज्याला मजदुरी विपन्न परिवारलाई समस्या परेकोले २ हजार बराबरको खाद्यान्न तथा स्वास्थ्य सामाग्री सहयोग गरेको जनाइएको छ ।

त्यसैगरी टिमले हेटौंडा-१८ गुम्बाडाँडा बस्ने एक जना पुरूष मृगौला बिरामी र मानेडाँडा बस्ने मृगौला पिडित एक महिलालाई उपचारका लागि जनही ५।५ हजार सहयोग गरिएको खतिवडाले बताए। टिमले यस अघि प्रहरी चौकी ठुलोदमारलाई १०० पिस मास्क र एक लिटर सेनिटाइजर सहयोग गरेको थियो ।

बिहाबारी बीस बर्ष पारी

केटा र केटी दुवैको उमेर २० वर्ष नभई आफ्नै राजीखुशीले अथवा आमा-बुवा वा अभिभावकको स्वीकृतीमा विवाह गरे पनि उक्त विवाहलाई बाल विवाहको रूपमा लिइने हुँदा सो विवाह कानुनद्वारा निषेध गरिएको छ । तसर्थ बालविवाह नगरौं र नगराऔं।





बाल विवाह कानूनी अपराध हो ।

मुलुकी अपराध संहिता, २०७४ ले बाल विवाहलाई विवाह सम्वन्धी कसुर मानेको छ र बाल विवाह स्वतः बदर हुने उल्लेख छ । बालबालिका सम्वन्धी ऐन, २०७५ ले विवाह गर्नेको उमेर २० वर्ष नपुगी विवाह तय गर्ने वा विवाह गर्ने वा गराउनेलाई बालबालिका विरूद्धको कसुर मानी ७५ हजार रूपैयाँ सम्म जरिवाना र ३ वर्ष सम्म कैद सजाय तोकेको छ ।

नोटः बाल विवाह हुन लागेको वा हुँदै गरेको थाहा पाएमा बाल विवाह हुन नदिने तथा रोक्ने, जनप्रतिनिधीलाई खबर गर्नुका साथै नजिकैको प्रहरी कार्यालयमा जानकारी गराउने वा प्रहरी कन्ट्रोल नं. १०० वा बाल हेल्पलाईनको पैसा नलाग्ने फोन नं. १०९८ (दश-नौ-आठ) मा फोन गरी जानकारी दिने ।

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट



काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation

हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
- होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको ब्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड

9855068340/9802068340

# हावाहुरीले चित्लाङमा तरकारी खेतीका टनेल उडायो



◆ विकास संवाददाता

हावाहुरीले मकवानपुरको थाहा नगरपालिकाको पूर्वी क्षेत्रका किसानहरूलाई नोक्सान पुर्याएको छ । १४ जेठ विहान ५ बजे र मध्याह्न १२ बजेतिर आएको हावाहुरीले खेतबारीमा बनाइएको टनेल उडाएपछि किसानहरू चिन्तित भएका छन् ।
थाहा १० बिसित्त्लेका अगुवा कृषक उद्दव लामिछानेका अनुसार करिव ८० देखि ९० प्रतिशत टनेलमा क्षति पुगेको छ । क्षतिको यकिन विवरण थाहा नभए पनि बाँसबाट निर्मित प्रायः टनेल पूर्ण रूपमा क्षति भएको छ ।

यस अघि बैशाखमा परेको असिनाले पनि सो क्षेत्रका तरकारी बालीमा आंशिक क्षति पुगेको थियो ।

# थाहामा बन्देज गरिएका व्यवसाय खुले जरिवाना



◆ विकास संवाददाता

थाहानगरमा कोरोना संक्रमण दर बढेपछि कडाइ गरिएको निषेधाज्ञा आइतबारदेखि अलि खुकुलो हुने भएको छ । तर, तोकिए बाहेकका व्यवसाय खुले १ लाखदेखि ५ लाख रूपियाँसम्म जरिवाना र ६ महिनासम्म व्यवसाय बन्द गर्ने निर्णय गरेको छ । १५ जेठमा बसेको नगरस्तरीय कोभिड रोकथाम तथा नियन्त्रण निर्देशन समितिको बैठकले जेठ ११ गते जिल्ला प्रशासन कार्यालय मकवानपुरले जारी गरेको आदेशलाई नै कडाइका साथ पालना गराउने निर्णय गरेको छ ।

आदेशमा तोकिएका व्यवसाय र तोकिएको समय बाहेक अन्य व्यवसाय र अन्य समयमा खुलेको पाइएमा व्यक्तिको हकमा १ लाख रूपियाँ र संस्थागत हकमा ५ लाख रूपियाँसम्म जरिवाना गर्ने उल्लेख छ । कोभिड–१९ व्यवस्थापन अध्यादेश, २०७८ अनुसार त्यसरी खुलेका पसलहरू ६ महिनासम्म बन्द गर्न सकिने व्यवस्था उल्लेख छ । मास्क नलगाई सार्वजनिक स्थानमा आवतजावत गरेमा पटकै पिच्छे सय रूपियाँ, मानिसको आवतजावत रोक लगाइएको स्थानमा बिना मास्क आवतजावत गरेमा पटक्कै पिच्छे २ सय रूपियाँ जरिवाना गर्ने उल्लेख छ । अध्यादेशमा अनुमतिबिना वा सुरक्षाकर्मीको स्वीकृति बिना संचालन गरेमा दुई पाङ्गे सवारीलाई २ हजार रूपियाँ र अन्य सवारीलाई ५ हजार रूपियाँ जरिवाना गर्ने र निश्चित समयका लागि सवारीसाधन नियन्त्रणमा लिने उल्लेख छ । आदेश कार्यान्वयनका लागि आइतबार देखि नै प्रहरीले कडाइ गर्ने भएको छ । यो निषेधाज्ञा आगामी जेठ २० गते राती १२ बजेसम्म लागू हुनेछ ।

**खुल्न पाउने व्यवसाय**

–औषधि पसल, ग्यास डिपो, पेट्रोल पम्प, बीउबिजन, रासायनिक मल व्यवसाय नियमित खोल्ने

–अत्यावश्यक व्यवसायहरूः खाद्यान्न, पानी, दूध, माछा, मासु, अण्डा, फलफूल तथा तरकारी पसल विहान ५ बजेदेखि ८ बजेसम्म खुल्ने अन्य सबै प्रकारका व्यवसायहरू पूर्ण रूपमा बन्द रहने

–बैंकहरूः हप्ताको २ दिन मङ्गलबार र शुक्रबार (एक तिहाइ कर्मचारीको व्यवस्था गरि स्वास्थ्य सुरक्षाको पूर्ण रूपमा पालना गर्ने, अन्य सहकारी, वित्तीय संस्था, इन्स्योरेन्सलगायतका सबै बन्द)

–एम्बुलेन्स, बिरामी बोकेका गाडी, खाद्य वस्तु बोकेका गाडी, तरकारी, दूध, पानी, एट्रोलियम ट्याङ्कर, स्वास्थ्य सामग्री, शव बहान, फोहोर व्यवस्थापन, दाना गाडी, कृषि मल, स्वास्थ्यकर्मी, सञ्चार कर्मी, दूरसञ्चार, विद्युत, इन्टरनेट, सुरक्षा निकायमा सवारी साधन बाहेक अटो रिक्सा, मोटरसाइकललगागत सबै सवारीसाधन निषेध ।

# नेपाल स्काउट थाहानगर समितिले पुर्णता पायो




◆ विकास संवाददाता

नेपाल स्काउट थाहानगर समितिले पुर्णता पाएको छ । थाहानगर संयोजकमा नेपाल स्काउट बागमती प्रदेशको सिफारिसमा राष्ट्रिय समितिले गणेशमान श्रेष्ठलाई मनोनयन गरेसंगै श्रेष्ठले नगर समिति विस्तार गरेका हुन् ।

विस्तारित नगर समितिको सदस्यहरूमा, रमण श्रेष्ठ, प्रमोद बस्नेत, कुमार नेगी, सुमित्रा के सी, कृष्ण प्रसाद लामिछाने, मिना महर्जन, राम बहादुर महर्जन, विनोद लामिछाने, प्रदिप बलामी र अमर बस्नेत मनोनयन भएका छन् ।

नगर समितिले स्काउटको विधान अनुसार सामाजिक कार्य गर्ने नगर संयोजक श्रेष्ठले बताए । हालकोकोरोना महामारीको बेलामा पनि थाहा नगर पालिकासंग आवश्यक समन्वय गर्ने बताए । यसका लागि केही छिट्टै अनलाईन बैठक बसेर कार्ययोजना सहित अघि बढ्ने योजना रहेको संयोजक श्रेष्ठले जानकारी दिएका छन् ।

# अक्सिजन मेशिनसहित स्वास्थ्य सामग्री हस्तान्तरण

◆ विकास संवाददाता

कोरोना संक्रमण दर बढ्दै जाँदा थाहा नगरपालिमा विभिन्न व्यक्ति तथा संघसंस्थाहरूबाट स्वास्थ्य सामग्रीहरू सहयोग थपिने क्रम जारी छ । १६ जेठमा मकवानपुर उद्योग वाणिज्य संघ, नारायणी यातायात व्यवसायी संघ प्रा.लि. र सार्वजनिक यातायात प्रा.लि.को तर्फबाट स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको छ ।

यी संस्थाहरूको तर्फबाट नगर पालिकालाई ७ लिटरको अक्सिजन कन्सन्ट्रेटर १ थान, सेनिटाइजर १० लिटर र १ हजार थान सर्जिकल मास्क हस्तान्तरण गरिएको हो । संस्थाहरूको तर्फबाट जिल्लाका विभिन्न पालिकाहरूलाई स्वास्थ्य सामग्री सहयोग गर्ने क्रममा थाहा नगरपालिकालाई पनि हस्तान्तरण गरिएको हो ।

स्वास्थ्य सामग्री बुझ्दै नगर प्रमुख लवशेर विष्टले सबै मिलेर कोरोना परास्त गर्नु पर्ने बताए ।

उनले नगरलाई संघहरूको तर्फबाट उपलब्ध सामाग्रीहरू भन्दा पनि दुखेको घाउमा मलम लगाउने अभियान नै ठूलो भएको बताए ।

कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कटुवाल, नारायणी यातायात व्यवसायी संघ प्रा.लि.का सचिव सरोज खनाल, सार्वजनिक यातायात प्रा.लि.का अध्यक्ष ज्ञानेन्द्र कार्की, नगर उपप्रमुख खड्ग गोपाली, थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष कबिराज खत्री, नेकपा माओबादी केन्द्रका नगर अध्यक्ष अरूण रायमाझीलगायतको उपस्थिति थियो ।

कोरोनाविरूद्दको अभियानमा सहयोग गर्न इच्छुक व्यक्ति तथा संघसंस्थाहरूलाई नगरले एकद्वार प्रणालीबाट सहयोग लिँदै आएको र आवश्यक स्थानहरूमा वितरण गरिँदै आएको नगरपालिकाले जनाएको छ ।

# सुर्खेतको शाहीलाई थाहाका योगेन्द्रमानले गरे उद्धार

◆ विकास संवाददाता

थाहा नगरपालिकाका राजनीतिकर्मी एवम् समाजसेवी योगेन्द्रमान श्रेष्ठले सुर्खेत घर भएका एक युवालाई बज्रबाराहीबाट उद्धार गरेका छन् । नेपाली काँग्रेस थाहा नगर सभापतिसमेत रहेका श्रेष्ठले एक महिनादेखि थाहा–६ को सरस्वति बजार क्षेत्रमा बेवारिसे अवस्थामा रहेका युवालाई उद्धार गरेका हुन् ।

मानसिक अवस्था ठीक नभएका सुर्खेतका धनबहादुर शाही करिब ४ महिनादेखि हराइरहेकोमा एक महिना अघि थाहा नगरपालिकाको बज्रवाराही आइपुगेका थिए । बज्रबाराही क्षेत्रमा दयालुहरूले जे दिएको खाएर बेवारिसे अवस्थामा रहेका शाहीको घर ठेगाना र सम्पर्क सोध्दा उनले बताउन सकिरहेका थिएनन् । श्रेष्ठका अनुसार शाहीले केही दिन अघि अकस्मात् दिएको नम्बर टिपेर फोन गर्दा उनको परिवार सँग सम्पर्क भएको थियो ।

शाहीका दाजु सम्पर्कमा आएपछि आइतबार श्रेष्ठले शाहीलाई एम्बुलेन्समा राखेर काठमाडौँ पठाएका हुन् । लकडाउनका कारण शाहीको दाजु बज्रबाराही आउन नसकेपछि शाहीलाई एम्बुलेन्समा राखेर पठाइएको श्रेष्ठले बताए । अहिले शाहीलाई उनका दाजुले उपचारका लागि पाटन अस्पताल पुर्‍याएका छन् ।

शाही एक महिनादेखि प्रायः बज्रवाराहीको नन्दिकेश्वर मन्दिरसँगै र हेको घाटको पाटीमा सुत्दै आएका थिए । उनका बुवा क्यान्सरबाट पीडित भएकोले काठमाडौँस्थित छाउनी अस्पतालमा उपचाररत रहेका छन् ।

# स्वास्थ्य सामाग्री सहयोग

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगर पालिकामा कोरोना भाइरसको संक्रमण नियन्त्रणमा सहयोग पुगोस् भन्ने उद्धेश्यले एक युवाले आफ्नो पहलमा स्वास्थ्य सामाग्री हस्तान्तरण गरेका छन् । थाहा नगरपालिका वडा नम्बर ३ घर भई हाल काठमाडौँ बस्दै आएका सन्जित कार्कीले आफ्नो दिवङ्गत माता सुन्तली कार्कीको स्मरण गर्दै नगरपालिकालाई स्वास्थ्य सामाग्री हस्तान्तरण गरेका हुन् ।

कार्कीले नगरपालिकाका प्रमुख लवशेर विष्टलाई १९ थान अक्सिमिटर, २० लिटर सेनिटाइजर र छ प्याकेट मास्क हस्तान्तरण गरेको थाहा नगर पालिकाका सूचना अधिकारी सुरजकुमार भुजेलले जानकारी दिए ।

# थाहानगरलाई स्वास्थ्य......

ग्रुपका अध्यक्ष कृष्ण कार्कीलगायतले नगर पालिकामा नै पुगेर ८ हजार पिस माक्स, २५ लिटर सेनिटाइजर, १० थान पिपिइ सेट, थर्मल गन एउटा र अक्सीमिटर एउटा सहयोग गरेको हो ।

अध्यक्ष कार्कीले आफ्नो नगर मा संकटको घडीमा सहयोग हस्तान्तरण गर्न पाउँदा खुसी लागेको बताउदै भविष्यमा पनि सकेको सहयोग गर्ने बताए । हस्तान्तरण कार्यक्रममा अध्यक्ष कार्कीसहित उपाध्यक्ष प्रल्हाद महत र विपद् व्यवस्थापन संयोजक अर्जुन बस्नेत सहभागी थिए । थाहा युथ इन्भेस्टमेन्ट ग्रूपको सचिवमा, जितेन्द्र मगर, कोषाध्यक्ष देवकुमार अर्याल तथा सदस्यहरू सुजन थापा, अस्मीन थापा, बैकुण्ठ थापालगायतअन्य सहयोगीहरू समेत रहेको उपाध्यक्ष महतले जानकारी दिए ।

यसैगरी, १२ जेठमै नै थाहा नगरपालिका वडा नम्बर ३ का सन्जिव कार्कीले आफ्नी आमा सुन्तली कार्कीको सम्झनामा स्वास्थ्य सामग्री हस्तान्तरण गरेका छन् । कार्कीले नगर प्रमुख बिष्ट समक्ष मास्क ६ पाकेट, १९ थान अक्सिमिटर, सेनिटाइजर २० लिटर हस्तान्तरण गरेका हुन् । आफ्नो नगर लाई सहयोग गर्न आएका दुवै सहयोगीप्रति धन्यवाद दिदै प्रमुख विष्टले यो महामारीलाई सबै मिलेर परास्त गर्न आवश्यक रहेको बताए ।

थाहानगरमा पछिल्लो समय कोरोना संक्रमण नियन्त्रण बाहिर जान लागेपछि निषेधाज्ञा कडाई गर्दै जेठ १५ गते राती १२ बजेसम्म औषधि र कृषि उत्पादन बाहेक अन्य सबै पसल व्यवसाय बन्द गरेको छ ।





# प्राविधिक रुझेरै फिल्डमा काम गर्दै

◆ विकास संवाददाता

नेपालमा यति बेला कोरोनाको जोखिम कायमै रहेको छ भने मनसुन सक्रिय हुदा भारी बर्षा भइरहेको छ । यति बेला विद्युत हामी सबैको अपरिहार्य बनेको छ। कोरोनाले सबैलाई घरभित्र बस्न भनेको छ । घरभित्र बस्दा हामी टिभि, इन्टरनेट, मोबाइलमै मन भुलाइरहेका छौ । घरभित्रै रहदा बत्ती जाने समस्या कायम रहेको छा।बत्ती जाने बित्तिकै हामी प्राधिकरणको फ्युज शाखामा फोन गर्छौ । कहिले फ्युज शाखामा फोन सक्काउदा नसक्काउदै बत्ती आउछ त कहिले घण्टौ आउदैन । फ्याट्ट फ्याट्ट लाइन जाने समस्यालाई समाधान गर्न नेपाल विद्युत प्राधिकरणका प्राविधिक टोली लागिपरेका छन ।

कोरोना र बर्षालाई वेवास्ता गर्दै नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रका प्राविधिक टोली विद्युत आपूर्ति बन्द भएको स्थानमा नियमित मर्मत संहार मा जुटि विद्युत आपूर्ति सहज गर्न लागिरहेका छन । मकवानपुरमा कोरोना पोजेटिभ हुनेको संख्यामा वृद्धि हुदै गइरहेको छ भने पश्चिमी बङ्गालको खाडीमा विकसित जलवायु परिवर्तनका कारण केही दिनदेखि भारी बर्षा भइरहेको छ । कोरोना र बर्षाको समयमा पनि नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रका प्राविधिक विपदको प्रवाह नगरी विद्युत आपूर्ति बन्द रहेको स्थानमा आपूर्ति सहज गर्न मर्मत सम्भारमा जुटेका हुन । नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रका प्रमुख योगेन्द्र ठाकुरले प्रष्टखबरसँग कुरा कोरोनाको समयमा जारी निषेधाज्ञाको समयमा सबै घरभित्र रहेको अवस्थामा विद्युतको माग बढि रहेकोले लाइन सट डाउन भएको स्थानमा प्राविधिकहरू विद्युत 'सट अन' गर्न कोरोना र विपतलाई बिर्सिएर लागी परेको बताए । ठाकुरले बर्षाको समयमा



बढी लाइन फ्लट भई सट डाउन हुने हुदा प्राविधिक कर्मचारी २४ घण्टा फिल्डमा खटिइएको बताए ।

वितरण केन्द्रबाट ९ वटा फिडर बाट लाइन बितरणी गरिएको र मर्मतका लागि मनहरी,छतिवन,भिमफेदीमा-४।४ जना,फापरवारी र हेटौंडा-७ नाग्स्वतीमा २।२ जना,पदमपोखरी र हटियामा ३।३जना र हेटौंडानगरभित्र २० जना र जटिल मर्मत सम्भारका लागि ४ जनागरी ४५ भन्दा बढी प्रविधिक टोली कोरोनाको जोखिमलाई मध्यनजर गरी स्वास्थ्य मापदण्ड अपनाएर फिल्डमा खटाइएको नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रका प्रमुख ठाकुरले बताए । 'हाम्रो लक्ष्य आपूर्ति बन्द हुदा पनि छिटो भन्दा छिटो मर्मत सम्भार गरी आपूर्ति सहज गराउनु हो,यस कार्यमा म आफै लागिपरेको छु-ठाकुरले दाबी गरे । 'प्राविधिक समस्या हुनुभन्दा अगाडी थाहा हुदैन,थाहा पाउनासाथ हामी सल्ब गर्छौं,लाइन सट डाउन हुँदा ग्राहकले आत्रोश पोख्नुहुन्छ,ग्राहकको आत्रोशलाई सल्लाह सुझाव मान्दै काम गरिरहेका छौ- ठाकुरले भने । उनले जोखी आफुहरूलाई पनि भएको बताउदै कोरोनाको जोखिम र अविरल वर्षाको प्रवाहनगरी २४ सै घण्टा प्राविधिक टोली फ्लट सल्ब गर्न लागिपरेको बताए ।

# हेटौँडामा निषेधाज्ञा उल्लंघन
# एक दर्जन बढी पसलेलाई जरीवाना

◆ विकास संवाददाता

जिल्ला प्रशासन कार्यालय मकवानपुरले जारी निषेधाज्ञाको उलंघन गरी पसल खोल्ने १६ जना पसलेलाई जारीवाना गरि छाडिएको छ । जारी निषेधाज्ञाको उलंघन गरी पसल खोल्ने १६ जनालाई मकवानपुरका प्रजिअ र प्रहरी उपरीक्षक सहितको प्रहरी टोलीले शनिबार र आइतबार बिहान नगरको विभिन्न स्थानमाबाट नियन्त्रणमा लिएको थियो । नियन्त्रणमा लिएका १६ जनालाई मकवानपुर प्रहरीले संक्रमण रोग ऐन अन्तर्गत मुद्दा चलाएको थियो ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरले हेटौंडा-४ मा रहेको सिता किराना पसलका सञ्चालक, हेटौंडा-४ पशुपति मन्दिर चोकमा रहेको २ वटा तरकारी तथा फलफूल पसलका सञ्चालक,हेटौंडा-८ सडुन कोलोनिमा र हेको खाजाघरका सञ्चालक,हेटौंडा-५ पिप्लेमा रहेको चाउचाउ तथा बिस्कुट डिपोका सञ्चालक,हेटौंडा-२ कान्तिलोकपथमा रहेको रिजाल सिसा पसलका सञ्चालक,हेटौंडा-५ सानोपोखरा चोकमा रहेको ३ वटा मासु पसलका सञ्चालक,हेटौंडा-४ फरेष्टी क्याम्पसको गेट अगाडि रहेको मासु पसलका सञ्चालक,हेटौंडा-५ पिप्लेमा र हेको किराना पसलका सञ्चालक,हेटौंडा-५ पिप्लेमा रहेको टेलर्सका सञ्चालक,हेटौंडा-४ पारिजातपथमा रहेको मसला उद्योग र पसलका सञ्चालक,हेटौंडा-७ शान्तिटोलमा रहेको किराना पसलका सञ्चालक,हेटौंडा-५ सानोपोखरामा रहेको खाजा घरका सञ्चालक,हेटौंडा-४ थाहा चोकमा रहेको मासु पसलका सञ्चालक गरी १६ जना




पसलेलाई जनही २ हजार देखी ५ सम्म जरिवाना सहित कार्वाही गरिएको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक जयश्वर रिमालले बताए ।

यस बिषयमा बुझ्दा मकवानपुरका प्रजिअ भरतमणी पाण्डेले निषेधाज्ञाको बारेमा सुचना गराउदा समेत अटेर गरेर पसल सञ्चालन गरी भिडभाड कायम गरेकोले नियन्त्रणमा लिई संक्रमण रोग ऐन २०२० बमोजिम जरिवान सहित कार्वाही गरिएको जानकारी दिएका छन ।

"म सहित प्रहरी उपरीक्षक तथा प्रहरी टोलीले अनुगमनका क्रममा हेटौंडाको विभिन्न स्थानबाट अटेर गरी पसल खोलेको अवस्थामा १६ जनालाई नियन्त्रणमा लिएर कार्वाही गरेका हौं,एक पटकलाई जरिवान तिराएका छौ,फेरी पनि अटेरगरी पसल खोले जेल हाल्छौं-प्रजिअ पाण्डेले भने । जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयले हेटौंडा सहित मकवानपुरका निषेधाज्ञा उल्लंघन बढेको भन्दै कडिकडाउ गरेको छा।हेटौंडा बजारको चार किल्ला बाहिर बिहान ३ घण्टा खाद्यान्न,डेरी पसल खोल्न दिइएपनि हेटौंडा बजारमा औषधि पसल,अक्सिजन डिपो र मल तथा बिउ बिजन पसल मात्र खोल्न दिइएको छ ।

# घरेलु तथा साना उद्योगद्वारा कार्यक्रम ल्याउन सरकारसंग माग

◆ विकास संवाददाता

मकवानपुर घरेलु तथा साना उद्योग संघले कोरोना भाइरस (कोभिड - १९) का कारण गरिएको तथा निषेधाज्ञाका कारण घरेलु तथा साना उद्योगीहरू मारमा परेको भन्दै आवश्यक सहयोगका कार्यक्रम ल्याउन सरकारसंग माग गरेको छ । संघका महासचिव कुमार पौडेलले बुधबार आज प्रेस विज्ञप्ति जारी गर्दै विगतको नाकाबन्दी र करीब डेढ बर्षको कोभिड १९ का कारण भएको लकडाउनका कारण घरेलु तथा साना उद्योगी आफ्ना व्यवसाय सन्चालन गर्न नसक्ने अवस्थामा पुगेकाले सरकारले आफूहरू लक्षित ठोस कार्यक्रमहरू ल्याउन माग गरेका हुन् ।

विज्ञप्तिमा नेपाल सरकारले तोकेको भन्सार तिरी कच्चा पदार्थ बाहिरी देशबाट समेत आयात गरी तिनै देशहरूमा उत्पादित बस्तुको मूल्यसंग प्रतिस्पर्धा गर्दै उद्योग सन्चालन गर्नु परेको चुनौतीपूर्ण अवस्थामा घरेलु तथा साना उद्योगीहरू कोरोनाको माहामारीबाट थप प्रताडित बन्न पुगेको उल्लेख छ ।

यस्तै सरकारले आफूहरूको समस्या सुनुवाई नगरेको भन्दै विज्ञप्तिमा आफ्नो पेशालाई निरन्तरता दिन आफ्नो जायजेथा बैंकमा राखी ऋण लिई उद्योगहरू सन्चालन गरिरहेका धेरै घरेलु तथा साना उद्योगहरू ऋणको ब्याज मात्र होइन सावाँ पनि तिर्न नसक्ने अवस्थामा पुगेको जनाइएको छ । सरकारले लकडाउन भरी ऋणको ताकेता नगर्नु भनी बैंकहरूलाई परिपत्र गरेको भएतापनी त्यसको खासै असर आफूहरूले नदेखेको विज्ञप्तिमा लेखिएको छ । 'लकडाउन खुकुलो हुनासाथ बैंकको किस्ता, ब्याज, बत्ती, पानी, भाडा र श्रमिकको पारिश्रमिक कसरी बुझाउने भन्ने सोच र चिन्तामा व्याकुल साना उद्योगीहरूलाई आफ्नो उद्योग टोक्नु न बोक्नु अवस्थामा पुगेको छ ।' विज्ञप्तिमा उल्लेख गर्दै घरेलु तथा साना उद्योगी व्यवसायीहरूलाई बैंकको व्याज, बत्ती, पानी, घरभाडामा विशेष सरकारी प्याकेजको खाँचो परेको अवस्थामा पनि आमनागरिकको जीवन जोगाउन व्यक्तिगत वा समूहगत रूपमा सरकारलाई सहयोग गर्न आफूहरू तयार रहेकोबारे गराउन गराइएको छ ।

कोभिडका कारण लागू गरिएको निषेधाज्ञाका कारण हाल प्राय सम्पूर्ण उद्योग बन्द रहेकाले सरकारले ठोस नीति नल्याएमा धेरै साना उद्योगहरू सधैंका लागि बन्द हुने हुँदा सम्बन्धि निकायलाई ध्यान दिन माग पनि प्रेस विज्ञप्तिमार्फत गरिएको छ । 'माहामारीमा ज्यानको सुरक्षाले प्राथमिकता पाउने भएता पनि त्यसपछिका दिनहरूमा नेपाल सरकारले कुनै ठोस नीति नल्याएमा धेरै साना उद्योगहरू बन्द हुने अवस्थामा रहेको हुँदा समयमा नै सम्बन्धीत निकायको ध्यान जाओस् भनी यो प्रेस विज्ञप्ती मार्फत ध्यानाकर्षण गराउन चाहान्छौं ।' विज्ञप्तिमा लेखिएको छ ।

अहिले कोरोनाको कहरमा उपचारको निम्ती अस्पतालमा बेड नहुँनु, आइसीयु, अक्सीजन अभाव हुनु तथा खोपको पर्याप्त उपलब्धता गराउनुपर्नेमा सरकार तथा राजनीतिक दलहरूको प्रभावकारी भूमिका नखेलेको बताउँदै सम्पूर्ण ध्यान नागरिकको स्वास्थ्य उपचारमा लगाउन ध्यानाकर्षण गराउँदै घरेलु उद्योगी व्यवसायीहरूलाई खोपको व्यवस्था मिलाउन पनि महासचिव पौडेलले विज्ञप्तिमार्फत माग गरेका छन् ।




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी